नेपाल सरकार, उद्योग विभागबाट इजाजत पत्र प्राप्त र कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड
# Palpa Cement Industries Limited

**रजिष्टर्ड कार्यालय :** का.म.न.पा. वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, नेपाल
**उद्योग रहेको स्थान :** सुनुवल, आदर्श ७, नवलपरासी
फोन नं. +९७७-१४१०१६८५/+९७७-१४१०१६८६ इमेल: info@rmcnepal.com वेभसाइट: www.tansencement.com

## उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडले आफ्नो जारी पूँजी रु. ३,७५,००,००,०००/- को २०% अर्थात् रु. ७५,००,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ७५,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्याइएको मध्ये उद्योग **प्रभावित क्षेत्र पश्चिम नवलपरासी (साविकको नवलपरासी जिल्ला), खानी रहेको क्षेत्र पाल्पा जिल्ला र रुपन्देही जिल्लाको देवदह नगरपालिकाको स्थानिय बासिन्दाहरुलाई** जारी पूँजीको ५% अर्थात रु. १८,७५,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको १८,७५,००० कित्ता साधारण शेयर निष्काशन गरी बिक्री वितरण गरिने छ र बाँकी १५% अर्थात रु. ५६,२५,००,०००/- रकम बराबरको रु. १००/- अंकित दरको ५६,२५,००० कित्ता साधारण शेयरको १०% अर्थात ५,६२,५०० कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरि विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको लागि **आज मिति २०८२ पौष २५ गते शुक्रबार**देखि निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागिः | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : १,००,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागिः | |
|---|---|
| दरखास्त दिनु पर्ने न्यूनतम शेयर संख्या | : १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम शेयर संख्या | : १,००,००० कित्ता |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौं र वेवसाइटः www.nabilinvest.com.np। |
| २. | पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं र वेवसाइट : www.tansencement.com। |
| ३. | पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेडको उद्योग परिसर, सुनुवल, आदर्श-७, नवलपरासी। |

साथै श्री नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट Download गरेर पनि प्राप्त गर्न सकिनेछ।

## उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम प्राप्त गर्न र बुझाउन सकिने व्यवस्था गरिएको छ ।

| क्र.सं. | संकलन केन्द्रको नाम |
|---|---|
| १. | नबिल बैंक लिमिटेड, तानसेन शाखा |
| २. | नबिल बैंक लिमिटेड, बर्दघाट शाखा |
| ३. | नबिल बैंक लिमिटेड, बुलिबटार शाखा |
| ४. | नबिल बैंक लिमिटेड, गैंडाकोट शाखा |
| ५. | प्रभु बैंक लिमिटेड, पाल्पा शाखा |
| ६. | प्रभु बैंक लिमिटेड, बर्दघाट शाखा |
| ७. | प्रभु बैंक लिमिटेड, परासी शाखा |
| ८. | प्रभु बैंक लिमिटेड, बेलातारी शाखा |
| ९. | सिद्धार्थ बैंक लिमिटेड, पाल्पा शाखा |
| १०. | सिद्धार्थ बैंक लिमिटेड, बर्दघाट शाखा |
| ११. | सिद्धार्थ बैंक लिमिटेड, परासी शाखा |
| १२. | श्री नबिल बैंक लिमिटेड, खैरेनी शाखा |
| १३. | श्री ग्लोबल आई.एम.ई बैंक लिमिटेड, खैरेनी शाखा |
| १४. | श्री नबिल बैंक लिमिटेड, सुनवल शाखा |
| १५. | श्री नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, माथागढी शाखा |

**उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फाराम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ ।**

## वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरुः

नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्बा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

| उद्योग प्रभावित क्षेत्र र खानी प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०८२/०९/२५ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०८२/१०/०९ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०८२/१०/२५ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधिः | |
|---|---|
| निष्काशन खुल्ला हुने मिति | : २०८२/०९/२५ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : २०८२/०९/३० गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : २०८२/१०/०९ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**संस्थापक तथा संचालकहरुले यस निष्काशनमा आवेदन दिन पाईने छैन।**

**नेटवर्थ सम्बन्धी विवरणः**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ रु. | १३०.१३ | १३२.४९ | १३५.७४ | १३५.९६ | १४४.२० | १५२.५६ |
| प्रति शेयर नेटवर्थ रु. (पुर्नःमुल्यांकन कोष बाहेक)* | ११४.०१ | ११६.३६ | ११९.६२ | १२३.०६ | १३१.३० | १३९.६६ |
| प्रति शेयर आम्दानी रु. | १.३१ | २.३४ | ३.२५ | ८.८० | ८.१४ | ८.२६ |
| जगेडा तथा कोषहरु (रु.हजारमा) | ९०३,८४७ | ९७४,५५१ | १,०७२,१९६ | १,३४८,५३३ | १,६५७,३८६ | १,९७१,०७५ |

* लेखापरिक्षकद्वारा प्रमाणित नेटवर्थ सम्बन्धी विवरण।

| आयोजनाको नाम | नेट प्रेजेन्ट भ्यालु (NPV) | इन्टरनल रेट अफ रिर्टन (IRR) | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|
| पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १,२९९.८७ करोड | १३.७८५ | ६ वर्ष ८ महिना | ९ वर्ष १२ महिना |

## क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेड (Infomerics Credit Rating Nepal Ltd.) बानेश्वर हाईट, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०८२ जेष्ठ २ गते [IRN BB+ (Is) [Double B Plus (Issuer)] प्रमाणपत्र प्राप्त गरेको छ । जसले Moderate risk of default regarding timely servicing of financial obligations. Such issuers carry moderate credit risk भन्ने जनाउंदछ । इन्फोमेरिक्स् क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN AAA (Is)" देखि "IRN D (Is)" सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड "IRN AAA (Is) ले बलियो आधार जनाउँछ भने IRN D (Is) ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितीलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ट) पृष्ठ ५५ उल्लेखि गरिएको छ ।

क्रेडिट रेटिङ्ग प्रदान गरेको मिति : २०८२/०२/०२ — क्रेडिट रेटिङ्ग बहाल रहने मिति : २०८३/०१/२९

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ पौष १७ गतेको "आर्थिक अभियान"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.tansencement.com नेपाल धितोपत्र बोडको वेवसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकहरुको वेवसाइट www.nabilinvest.com.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं।

**नोटः स्थानीय बासिन्दाहरुलाई बाँडफाँडमा परेका शेयरहरु सर्वसाधारणलाई निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन (३) वर्ष पुरा नभएसम्म बिक्री वितरण वा हस्तान्तरण गर्न पाइने छैन ।**

**निष्काशन तथा बिक्री प्रबन्धक :**

**NABIL INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**
**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोन: ४५११६०४, ४५११७३३
इमेल: info@nabilinvest.com.np, वेवसाइट: www.nabilinvest.com.np